घरपझोङ गाउँपालिका

# गाउँसभाको सचिवालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः२०८२/०८३
चलानी नं.

## गाउँसभाको १७औं अधिबेशनको कार्यसूची

मिति : २०८२।१२।२६ गते, बिहिवार

| क.सं. | समय | कार्यसूची | प्रस्तुतकर्ता |
|---|---|---|---|
| १ | बिहानको ८:१५ | अध्यक्षले गाउँ सभाको १७ औं अधिवेशन आह्वान गरेको पत्रको व्यहोरा सभामा वाचन गरेर जानकारी गराउने | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| २ | बिहानको ८:२० | अधिवेशनको सफलताको शुभकामना मन्तव्य | सभा सदस्य श्री चक्र सिंह थकाली<br>सभा सदस्य श्री दुर्गा देवी रसाईली |
| | बिहानको ८:३० | विभिन्न समितिका प्रतिवेदन प्रस्तुत गर्ने | |
| ३ | | सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन | संयोजक श्री फलेन्द्र प्रसाद थकाली |
| ४ | | आर्थिक विकास समितको प्रतिवेदन | संयोजक श्री बुद्ध हिराचन |
| ५ | | पूर्वाधार विकास समितिको प्रतिवेदन | संयोजक श्री आस बहादुर थकाली |
| ६ | | सामाजिक विकास समितिको प्रतिवेदन | संयोजक श्री प्रदिप थकाली |
| ७ | | वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन | संयोजक श्री याम प्रसाद थकाली |
| ८ | | न्यायिक समितिको प्रतिवेदन | उपाध्यक्ष एवं संयोजक श्री जमुना थापा मगर |
| ९ | | अनुगमन समितिको प्रतिवेदन | उपाध्यक्ष एवं संयोजक श्री जमुना थापा मगर |
| १० | बिहानको १०:०० | घरपझोङ गाउँपालिकाको सार्वजनिक नीजि साझेदारी ऐन , २०८२ सम्बन्धी प्रस्ताव | विधायन समितिका संयोजक श्री जैकला वि.क.<br>समर्थनः गाउँ सभा सदस्य श्री विर प्रसाद थकाली |
| ११ | बिहानको १०:३० | विनियोजन ऐन, २०८२ संशोधन सम्बन्धी प्रस्ताव | उपाध्यक्ष श्री जमुना थापा मगर<br>समर्थनः गाउँ सभा सदस्य श्री आनन्द गुरुङ |
| १२ | बिहानको १०:४५ | शोक प्रस्वात | सभाध्यक्ष श्री मोहन सिंह लालचन |
| १३ | बिहानको ११:०० | १७औं अधिवेशनको समापन | सभाध्यक्ष श्री मोहन सिंह लालचन |

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

घरपझोङ गाउँपालिका

## गाउँसभाको १७औं अधिवेशनका निर्णयहरु

**कार्यसूची १ बमोजिमको निर्णय :-**

कार्यसूची १ बमोजिम सभाध्यक्ष श्री मोहन सिंह लालचनज्यूले गाउँसभाको १७औं अधिबेशन आह्वान गरेको मिति २०८१।१२।१८ गतेको पत्रको व्यहोरा वाचन गरी सभामा जानकारी गराउनु भयो ।

**कार्यसूची २ बमोजिमको निर्णय :-**

यस गाउँपालिकाको गाउँसभाको १७औं अधिबेशनमा गाउँसभा सदस्य श्री चक्र सिंह थकाली र गाउँसभा सदस्य श्री दुर्गा देवी रसाईलीले अधिवेशनको सफलताको शुभकामना मन्तव्य दिनु भयो ।

**कार्यसूची ३ बमोजिमको निर्णय :-**

सभाका सभाध्यक्षज्यूको अनुमतिले सुशासन तथा संस्थागत बिकास समितिका संयोजक श्री फलेन्द्र प्रसाद थकालीले सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

**देहायः**

सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन (१७ औ गाउँसभा २०८२/१२/२६)

सभाध्यक्षज्यू, सभाका सदस्यज्यूहरु, सुशासन तथा संस्थागत विकास समितिको संयोजकको हैसियतले चालु. आ.व २०८२/८३ को सुशासन तथा संस्थागत विकास समिति अन्तर्गत विनियोजित बजेटको प्रगति र कार्यालयमा सेवा प्रवाह तथा सुशासन तर्फको हालसम्मको समष्टिगत प्रगति प्रतिवेदन सम्मानित सभामा प्रस्तुत गर्न चाहान्छु ।

चालु आ.व. २०८२/८३ मा सुशासन तथा संस्थागत विकास समिति तर्फ स्वीकृत कार्यक्रमहरुको हाल सम्मको प्रगति विवरण यसै साथ प्रस्तुत गरेको छु ।

**तपशिलः**

| क.सं. | योजनाको नाम | कार्यान्वयन स्थान | बजेट रु | खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका गानको अडियो/भिडियो निर्माण | गाउँपालिका | २,५०,०००। | शिर्षक संसोधन गर्नुपर्ने | बाँकि |
| २. | राजस्व, लेखा, जिन्सी तथा पञ्जिकरण र सिफारिस प्रणाली सम्बन्धी तालिम | गाउँपालिका | ४०००००। | बजेट घटाउनुपर्ने | १००००० घटाउने |
| ३. | उपभोक्ता हित तथा बजार | गाउँपालिका स्थित | १५००००। | रकमान्तर गर्नुपर्ने | बाँकि |

सिंह लालचन

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुगमन | बजार | | | |
| ५ | गाउँपालिकाको समग्र पर्यटन गतिविधि र परिचयात्मक ब्रोसर निर्माण | गाउँपालिका | १००००० | खर्च भैसकेको | ६० प्रतिशत |

**खरिद सम्बन्धी भए गरेका काम कारवाहीहरुको विवरणः**

१- फोहोरमैला व्यवस्थापन तर्फः

| क.सं. | सामान विवरण | परिमाण | विनियोजित जजेट | खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | डस्वीन ७० लिटर | १०० | ३०००००० | १९३२३०।- | सवै विद्यालयहरुलाई जम्मा ३/३ थानले २१ थान वितरण भएको |
| २ | डस्वीन १० लिटर | २०० | | ४४०७०।- | कार्यालयमा रहेको |
| ३ | कपडाको झोला | २००० | | १०९९९४।२० | अतिथिलाई दिदै गर्दै आईरहेको |
| | | | | ३४७,२९४।२० | |

२- विपद् व्यवस्थापन तर्फः

| क.सं. | सामान विवरण | परिमाण | विनियोजित जजेट | खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | म्याट | ११४ | ३८०००००।- | ६६३४२।३० | कार्यालयमा रहेको |
| २ | डलब/सिरक/तन्ना/सिरानी | १०० सेट | खरिद कार्यको काम भईरहेको | खरिद कार्यको तयारीमा रहेको | |

३- फर्निचर फिक्चर्स तर्फः

| क.सं. | सामान विवरण | परिमाण | विनियोजित जजेट | खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्लाष्टिक कूर्चि | १०० | ३०००००।- | ६४४१० | कार्यालयमा रहेको |

साथै यस कार्यालयमा जिन्सी प्रशासन तपशिल बमोजिमको प्रक्रिया अवलम्बन गरिदै आएको छ ।

- आ.व.२०७८।७९ देखि जिन्सी सम्बन्धी सम्पुर्ण कार्य PAMS बाट संचालन गर्दै आईरहेकोमा आ.व. ०८१/८२ देखि PAMS V2 बाट प्रणालीबाट संचालन हुदै आएको छ ।
- विभिन्न वडा कार्यालयहरु स्वास्थ्य संस्था लगायत शाखाहरुबाट आएको बार्षिक माग बमोजिम वार्षिक खरिद योजना र वजेटको परिधिमा रहि खरिद इकाईमा बैठकबाट खरिद गरी जिन्सी सामानहरु खरिद गरिदै आईएको छ ।

२. यस आ.व.२०८२/८३ को राजश्व र स्रोत परिचालनतर्फ गाउँपालिकाले राजश्व संकलनको प्रक्षेपण रु. १,२०,००,०००।-( अक्षरुपी रु एक करोड वीस लाख) मात्र गरेकोमा हाल २०८२ चैत्र २२ गते

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ

सम्म रु ३४,११,०००।– (अक्षरुपी चौतीस लाख एघार हजार मात्र) राजश्व संकलन भई २८.५ प्रतिशत राजश्व संकलन भएको अवस्था छ ।

३. यस घरपझोङ गाउँपालिकामा संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय बाट स्वीकृत भएको दरवन्दि तेरिज अनुसार ४९ र घरपझोङ गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएको दरवन्दी तेरिज अनुसार २२ जना गरी ७१ जनाको संगठन संरचना रहेको छ ।दरवन्दी तेरिज अनुसार अनुसार स्थायी पदपुर्ति ३० जना करार पदपुर्ती ३७ जना गरी ६६ जना कार्यरत कर्मचारीहरु हुनुन्छ भने प्रदेश लोकसेवा आयोग कार्यालय, गण्डकि प्रदेश, पोखरामा कृषी अधिकृत सातौ १ जना, प्रशासन सहायक पाँचौं २ जना, सव इन्जिनियर पाँचौ १ जना, पशु स्वास्थ्य प्राविधिक पाँचौ १ जना, असिस्टेन्ट सव इन्जिनियर १ जना, अ.हे.व. चौथो १ जना, ना.प्रा.स. चौथो १ जना गरी जम्मा ८ जना कर्मचारी यस आर्थिक वर्षमा पदपुर्तिको लागि माग फाराम भरी पठाइएको जानकारी गराउन चाहान्छु।

४. यस कार्यालयमा आ.व. २०८२/८३ को तेस्रो त्रैमासिकमा कुशल पौडेल सैनामैना-२ रुपन्देही (सम्पर्क नं. ९८४९९१६७३२) ले शिक्षा सम्बन्धी विभिन्न ५ बुदे सूचना पाउँ भन्ने व्यहोराको सम्बन्धमा यस कार्यालयवाट माग भएको सूचना पाना १ मिति २०८२/१०/०७ गतेका दिन उपलब्ध गराइयो । साथै सूचनाको हक समन्वय केन्द्रद्वारा वडा स्तरमा पनि गुनासो सुन्ने र नागरिक सर्वोच्वता कायम गर्ने भन्ने पत्रानुसार वडा स्तरमा नागरिकको गुनासो सुन्ने व्यवस्था गर्न पाँचवटै वडा कार्यालयमा मिति २०८२/१२/०४ गते पत्राचार गरि सोको जानकारी सूचनाको हक समन्वय केन्द्रलाई पठाइएको व्यहोरा यहाँहरु समक्ष जानकारी गराउन चाहान्छु साथै सूचनाको हक लाई कार्यान्वयन गर्न नागरिकलाई हाम्रो कार्यालयले प्रदान गर्ने सेवाहरुको बारेमा जानकारी दिन प्रत्येक ३ महिनामा स्वत प्रकाशन गरिदै आएको छ

५. गाउँपालिकाको पाँचवटै वडा कार्यालयमा यस आ.व.को हालसम्म भएको सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धि विवरण तपशिल बमोजिम रहेको छ ।

**सामाजिक सुरक्षा भत्ता:**

| | |
|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता : | ३०२ |
| जेष्ठ नागरिक भत्ता (दलित): | ३१ |
| जेष्ठ नागरिक एकल महिला: | ४१ |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका: | ० |
| विधवा: | २९ |
| पूर्ण अपाङ्गता भत्ता: | ६ |
| अति अशक्त अपाङ्गता भत्ता: | १६ |
| क्षेत्र तोकिएका बालबालिका: | ० |
| लोपोन्मुख बालबालिका: | ० |
| दलित बालबालिका: | ५१ |
| लोपोन्मुख जाति: | ० |
| जम्मा: | ४७६ |

[illegible]

... सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

जन्मदर्ता: ५८
मृत्यु दर्ता: ५५
सम्बन्ध विच्छेद: ७
विवाह दर्ता: ५०
बसाइ सरि आएको : १४ दर्ता ४४ जना
बसाई सरी गएको : ६ दर्ता ६ जना

**समस्याहरु:**

- प्रशासन सेवा तर्फका कर्मचारी पदपुर्ती हुने र अन्य माथिल्लो तहमा लोकसेवा आयोगबाट नाम निकाले रमाना हुने गरेको र गाउँपालिकाले सेवा करारमा पदपुर्ति गर्ने व्यवस्था नहुदा वडा सचिवको पद रिक्त हुने सो पदमा प्राविधिक कर्मचारी खटाउन बाध्यता रही सेवा प्रवाहमा समस्या हुन गएको,
- भौगोलिक विकटता तथा मौसमका कारण कर्मचारीहरु सरुवा र काजमा जान खोज्ने प्रवृति देखिएकाले यस कार्यालयमा टिकाई राख्न नसकिएको,
- विभिन्न शाखाहरुले आर्थिक वर्षको सुरुवातबाट गर्नुपर्ने काम नगरि ढिलाई हुदा बर्षान्तमा कामको लोड बढ्ने अवस्था रहेको ।
- काज सरुवा भई जाने कर्मचारीहरुको पदाधिकार हाम्रै पालिका भित्र रहने कानुनी व्यवस्थाले प्रदेश लोकसेवा आयोग कार्यालयमा माग आकृति फाराम भरी पठाउन नपाउने हुनाले कर्मचारीहरु न्यूनको स्थायी पदपुर्तीमा समस्या थपिदै जाने स्थिति सिर्जना भएको ।
- जिन्सी सामानहरुको आवश्यकता भन्दा बढी माग आउने गरेकोले कार्यालयबाट वजेटको परिधि भित्र रहि खरिद गर्नुपर्ने भएकोले सबै मागहरुलाई समेट्न नसकिएको ।
-

**सुझावहरु:**

१. गाउँपालिकामा स्वीकृत भएको संगठन संरचना बमोजिमको कर्मचारीहरुको स्थायी पदपुर्ती गरि स्थायी कर्मचारीले गाउँपालिकामा कम्तिमा दुइ अनिवार्य सेवा दिने व्यवस्था गरि कार्यान्वय लैजानुपर्छ ।
२.कर्मचारीहरुमा रहेको ज्ञान सीप योग्यता र क्षमताको व्यवस्थापन गर्दै कर्मचारीहरुसंग कार्यसम्पादन करार गर्ने कार्यलाई निरन्तरता दिदै नतिजाको आधारमा सकरात्मक र नकरात्मक उत्प्रेरणाको उपायहरु अवलम्बन गरिनुपर्छ ।
३.कार्यालयमा कार्यरत सवै प्रकारका करार तथा ज्यालादारि कर्मचारीहरुको भविष्यको सुरक्षालाई मध्यनजर गर्दै सामाजिक सुरक्षा कोषमा आवद्द गरिनुपर्छ ।
४.गाउँपालिका बाट प्रदान गरिने सेवालाई लाईन होइन अनलाइनबाट प्रदान गरि सेवा प्रवाहमा थप प्रभावकारी ल्याइनुपर्छ ।
५. गाउँकार्यपालिकाको कार्यालय तथा सम्पुर्ण वडा कार्यालयहरु र स्वास्थ्य संस्थामा विद्युतीय हाजिरको प्रयोग गर्ने/नगरेको अनुगमन सुपरिवेक्षण गरि उचित मुल्याङ्कन गरिनुपर्दछ ।

मोहन सिंह लालचन
अध्यक्ष

६. देश भित्रका स्थानीय तहहरुसंग असल अभ्यासका कार्यक्रमका साथै इच्चुक र आवश्यकताका आधारमा स्थानीय सरकार र मित्रराष्ट्रका पालिकासंग भगिनी सम्बन्ध कायम गर्दै पारस्पारिक रुपमा सहयोग आदन प्रदान मा निरन्तरता दिनुपर्ने देखिन्छ ।

७.कर्मचारी प्रशासनमा सदाचारयुक्त संस्कृतिको विकास गर्न नागरिक मैत्री घरपझोङ गाउँपालिका निर्माण गर्न कर्मचारीहरुको व्यवहारमा सुधार ल्याउन कर्मचारिहरुले पालन गर्नुपर्ने आचारसंहिता तर्जुमा गरि कार्यन्वयन गरिनुपर्छ ।

८.नागरिक वडापत्रलाई समयानुकुल अध्यावधिक र सुधार गर्दै नागरिक वडापत्रको पहुँच वडा कार्यालयहरु स्वास्थ्य संस्थाहरुमा पनि व्यवस्थापन गर्नमा विशेष ध्यान दिइनुपर्छ ।

९.स्थानीय तहमा कार्यरत कर्मचारीहरुको भविष्यको सुरक्षाको लागि आर्थिक सुरक्षाको लागि कर्मचारी कल्याण कोषको व्यवस्था गरि तत्काल कार्यान्वयनमा लिइनुपर्छ ।

१०.कार्यालयमा रहेको बेरुजु र अनियमिता न्युनिकरण र रोकथाम गर्न र बजेट निर्माणमा तटस्थता र वस्तुपरकता ल्याउनको लागि आवश्य पर्ने कानुनी व्यवस्था जस्तै मध्यकालिन खर्च संरचना को निर्माण आवधिक योजनाको कार्यान्वयनमा ध्यान दिन आवश्यक देखिन्छ ।साथै स्थानिय सदाचार नीति र आन्तरिक नियन्त्रण प्रणाली लगायत सेवा प्रवाह मापदण्ड तर्जुमा गरि कार्यान्वियन गरिनुपर्छ ।

११.स्वीकृत वार्षिक कार्यक्रम र योजनाहरु प्रभावकारी कार्यान्वयन गर्न वार्षिक खरिद योजना र कार्यक्रम कार्यान्वयन कार्यान्वयन योजना निर्माण गरि समय समय मा प्रगती सम्बन्धी समिक्षा हुन आवश्यक देखिन्छ

१२.गाउँपालिकाका नीति कार्यक्रम र योजनाहरु तर्जुमा गर्दो सम्बन्धित सरोकारवालाहरुलाई सहभागि गराई कानुनअनुसार सार्वजनिक सुनुवाई सामाजिक परिक्षण, सार्वजनिक परिक्षण र तेस्रो पक्ष मुल्याङ्कन जस्ता औजार प्रयोग गरि नागरिकको गुनासो सम्बोधन गरिनुपर्छ ।

१३.संघीय मामिला तथा सामान्य प्रशासन द्वारा जारी भएको स्थानीय सरकार कार्यसम्पान मूल्याङ्कन प्रणाली (LGPAS) लगायत अन्य मूल्याङ्कन प्रणाली अनुरुप कार्य गरी गाउँपालिकाको काम कारवाहीलाई नतिजामुखि बनाउन आवश्यक छ ।

१४.गाउँपालिका भित्र रहेका प्राकृतिक स्रोत साधको उच्चतम परिचालन गर्न सम्बन्धित निकायमा लेखी तत्काल स्थानीय तहबाट नियन्त्रण हुने व्यवस्था गर्नको विभिन्न अन्तर निकाय समन्वय गर्नको लागि सुझाव दिन चाहान्छु ।

१५.मन्त्रालय, विभाग तथा विभिन्न कार्यालयबाट पठाएका ऐन, नियम, नियमावली र कार्यविधिहरु घरपझोङ गाउँपालिकामा आन्तरिकिकरण गरी माटो सुहाउदो कानुनी व्यवस्था गर्नको लागि सुझाव दिन चाहान्छु ।

१६.एम्बुलेन्स लगायत लगातार मर्मत सम्भार गरिराख्नुपर्ने सवारी साधनलाई विक्रि वा लिलाम विक्रि गरि गाउँपालिकाको आर्थिक भार कम गर्नुपर्नेमा ध्यान जानुपर्ने देखिन्छ ।

१७. सरकारी सवारी साधनको गाडि/बाइकको मर्मत सम्भारमा बढि खर्च देखिएको र सो को परिचालनमा नियन्त्रन गर्नुपर्ने र खर्चमा मितव्ययिता अपनाउन आवश्यक ठान्दछु ।

धन्यवाद ।

मोहन सिंह लालचन
अध्यक्ष

फलेन्द्र प्रसाद थकाली
संयोजक
सुशासन तथा संस्थागत विकास समिति

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

**कार्यसूची ४ बमोजिमको निर्णय :-**

सभाका सभाध्यक्षज्यूको अनुमतिले आर्थिक विकास समितिका सदस्य श्री बुद्ध हिराचनले आर्थिक विकास समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

देहाय :

**आर्थिक विकास समितिको चालु आ.व.२०८२/८३ को हालसम्मको कार्य प्रतिवेदनः-**

सभाध्यक्ष ज्यू, आर्थिक विकास समितिको संयोजक अनुपस्थित भएकाले सयोजक ज्युको आदेशले म आर्थिक विकास समितिको सदस्यको हैसियतले म यस गरिमामय सभामा चालु आर्थिक वर्षमा गाउँ कार्यपालिकाको कार्यालय मार्फत आर्थिक विकास क्षेत्रमा भए गरेका कार्यक्रमहरुको प्रगति, यस क्षेत्रमा देखिएका समस्या तथा केहि सुझावहरु समेटी संक्षिप्त प्रतिवेदन यस सम्मानित सभामा प्रस्तुत गर्न चाहान्छु।

- चालु आर्थिक वर्षको सुरुवात संगै यस घरपझोङ गाउँपालिकाले वार्षिक बजेट तथा विकास कार्यक्रम अन्तर्गत आर्थिक विकास तर्फका योजनाहरुमा बजेट विनियोजन गरी रकम रु.५ लाख सम्मका आयोजनाहरु अधिकांश सम्पन्न भैसकेका छन ।

५० प्रतिशत अनुदानमा खनिज तेल वितरण, ५ के.जि. को स्याउको कार्टुन वितरण, पकेट विकास कार्यक्रम अन्तर्गत साना कृषि औजार तथा आवश्यक विषादी वितरण कार्यक्रम, कृषकहरुलाई मौरी घार वितरण लगायत, चिमाङ क्युथाङ कृषि सडक निर्माण, सिचाई कुलो निर्माण पुलचोक, सम्ले सिचाई कुलो, ठिनी कृषि सडक, लगायत स्थानीय यूवाहरुलाई सिपमुलक तालिम प्रदान गर्ने योजना अन्तर्गत अटो रिक्सा चलाउने तालिम प्रदान लगायतका कार्यक्रमहरु संचालन भैरहेका छन

**आर्थिक विकास क्षेत्रमा भएका केही समस्याहरु**

- योजनाहरु छनौट गर्दा आर्थिक विकासलाई समेत ध्यान दिने नगरिएको हुनाले प्रतिफल दिने खालका योजनाहरु कमि हुनु ।
- सिपमुलक एबम् स्थानीय नागरिकहरुलाई लाभ हुने र प्रतिफल दिने खालका योजनामा स्थानीयहरुको कम रुची हुन।
- चालु आ.व.मा विनियोजन भएका योजनाहरु कार्यान्वयनमा ढिलाई भएको महशुस भएको छ, यसले त्रैमासिक खर्च कम भई असारमा मात्र खर्च हुने प्रणाली देखाएको छ।

मोहन सिंह लालचन
अध्यक्ष

**कार्यसूची ५ बमोजिमको निर्णय :-**

सभाका सभाध्यक्षज्यूको अनुमतिले पूर्वाधार विकास समितिका संयोजक श्री आस बहादुरले पूर्वाधार विकास समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

**देहाय :**

**पूर्वाधार विकास समितिको चालु आ.व.२०८२/८३ को हालसम्मको कार्य प्रतिवेदनः-**

सभाध्यक्ष ज्यू, पूर्वाधार विकास समितिको संयोजकको हैसियतले म यस गरिमामय सभामा चालु आर्थिक वर्षमा गाउँ कार्यपालिकाको कार्यालय मार्फत पूर्वाधार विकास क्षेत्रमा भए गरेका कार्यक्रमहरुको प्रगति, यस क्षेत्रमा देखिएका समस्या तथा केहि सुझावहरु समेटी संक्षिप्त प्रतिवेदन यस सम्मानित सभामा प्रस्तुत गर्न चाहान्छु।

गत विगत आर्थिक वर्षहरु बाट नै यस गाउँपालिकाको महत्वपूर्ण एवम् गौरबको योजनाको रुपमा रहेको वडा नम्बर १ लाई सडक संजाल संग जोड्ने मार्फा छैरो बेलिबृज निर्माण कार्य सम्पन्न भै उद्घाटन समेत भैसकेको छ

यस पालिकामा विगत आर्थिक वर्षहरु बाटै निर्णय भएअनुसार ५ लाख भन्दा साना रकम भएका योजनाहरु मंसिर मासन्त मै कार्यान्वयन भै सम्पन्न भै सकेकका छन् ।

चालु आर्थिक वर्षमा कार्यान्वयन हुने संघ तथा प्रदेश सरकार बाट अनुदान प्राप्त भएका एबम् पालिका तर्फका ठुला योजना हरु ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन भैरहेका छन ।

योजनाहरुका भौतिक प्रगति ४२ प्रतिशत भएपनि आर्थिक प्रगति भने ११ प्रतिशत मात्र भएको देखिन्छ ।

विगत आर्थिक वर्षहरुमा जस्तै पूर्वाधार तर्फ पूँजिगत खर्च करिब ७० प्रतिशत पुर्याउने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

हाल योजनाहरुको संख्याको हिसाबमा कुल ४७ वटा योजना रहेको र सबै योजनाहरु कार्यान्वयन भएका छन भने हालसम्म २० वटा योजना सम्पन्न देखिन्छन ।

प्रतिकुल भुगोल एवम मौसम समेतका कारण यहाँको विकास निर्माणमा भने विभिन्न चुनौतुहरु रहेका छन । म यस सभामा पूर्वाधार विकास तर्फ रहेका केहि समस्या तथा चुनौतीहरु पेश गर्न चाहान्छु ।

- योजनाहरु छनौट गर्दा सम्भावित जोखिमलाई समेत ध्यान दिने नगरिएको हुनाले नदिजन्नय एबम प्रकोपजन्य जोखिम बढेको छ।
- निषेधित क्षेत्र तथा कानूनी अवरोधका कारण ढुङ्गा गिटी लगायत रोयल्टीको विषयमा लागत अनुमान र लेखापरिक्षणमा समेत समस्या देखिएको छ ।
- ठेक्का प्रक्रिया एवम कानूनी जटिलताका कारण योजना कार्यान्वयनमा ढिलाई भएको छ ।
- कामको गुणस्तर मा वृद्धि हुन कठिनाई छ ।
- दक्ष एवम् स्किल मेनपावर को कमि देखिन्छ ।
- यसरी विभिन्न समस्या एवम चुनौतीका बावजुद पनि हाम्रो पालिकाको विकास निर्माण भने सन्तोषजनक नै मान्नु पर्दछ । यस क्षेत्रमा रहेका समस्या एबम चुनौतीहरु समाधान गर्न केहि सुझाबहरु समेत म यस सभामा पेश गर्न चाहान्छु ।
- <u>समस्या समाधानको लागि केहि सुझाबहरुः</u>
- योजनाहरु छनौट गर्दा निर्माणको क्रममा वा सम्पन्न पश्चात पनि हुन सक्ने जोखिमलाई ध्यान दिनुपर्ने देखिन्छ।
- नदि र तटिय क्षेत्रमा जोखिम बढेको कारणले गर्दा कनूनी पक्षलाई सहज बनाउने तर्फ सरोकारवालाहरु सबै सचेत हुनुपर्ने देखिन्छ।
- योजनाहरु छनौट गर्दा प्रतिफल दिने दिगो विकासलाई जोड दिने एवम गाउँपालिकाको पञ्चवर्षिय योजनालाई ध्यान दिनु पर्ने देखिन्छ ।
- यसरी पूर्वाधार विकास समिति तर्फ विद्यमान समस्याहरुलाई केलाउँदै कामको गुणस्तरमा वृद्धि एवम स्थानीय नागरिकको सहभागिता र पहुँचमा वृद्धि गराउन सकेमा विकास निर्माण कार्य प्रभावकारी हुने देखिन्छ भन्दै मेरो प्रतिवेदन अन्त्य गर्छु धन्यवाद ।

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

**<u>समस्या समाधानको लागि केहि सुझावहरुः</u>**

- योजनाहरु छनौट गर्दा दिगो विकासको लक्ष्यलाई समेत मध्यनजर गर्दै प्रतिफल दिने र आर्थिक विकासलाई टेवा दिने खालका योजना छनौट हुनुपर्ने देखिन्छ ।
- कृषि र पर्यटन तथा साना र लघु उद्यमलाई प्राथमिकतामा राखी स्थानीय सिप र कला संस्कृतिको प्रचार प्रसारमा ध्यान दिनुपर्ने देखिन्छ।
- संघीय सरकारबाट हस्तान्तरण भई प्राप्त भएका शसर्त तर्फका कृषि र पशु तर्फका कार्यक्रमहरुको कार्यविधी एवम् मापदण्ड स्थानीय तह अनुकुन हुनुपर्ने देखिन्छ ।

धन्यवाद।

बुद्ध हिराचन, सदस्य आर्थिक विकास समिति

**<u>कार्यसूची ६ बमोजिमको निर्णय :-</u>**

सभाका सभाध्यक्षज्यूको अनुमतिले सामाजिक ~~मूर्बाधार विकास~~ समितिका संयोजक श्री प्रदिप थकाली सामाजिक ~~आस बहादुरले मूर्बाधार~~ विकास समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

देहाय :

**सभाध्यक्षज्यू,** सामाजिक विकास समितिको संयोजकको हैसियतले चालु आ.व. २०८२।८३ मा सामाजिक विकासको क्षेत्रमा भएको प्रगति प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्न चाहन्छु।

**<u>शिक्षा शाखा</u>**

**<u>शैक्षिक अवस्था:</u>**

- विद्यालय संख्याः १० वटा (सामुदायिक ८ र निजि २ वटा)
- विद्यार्थी संख्याः १२५८ जना (छात्र ६४८ र छात्रा ६१० जना)
- शिक्षक संख्याः साधारण धार तर्फ माध्यमिक तहमा २० जना र नि. मा .तहमा १२ जना र प्राथमिक तहमा ३८ जना।
- प्राविधिक धार तर्फः माध्यमिक तहमा ६ जना प्रशिक्षक र नि. मा. तहमा २ जना सहायक प्रशिक्षक ।
- बालविकास सहजकर्ताः ९ जना।
- विद्यालय सहायक/लेखापालः २ जना
- विद्यालय सहयोगिः ८ जना।

मोहन सिंह लालचन
अध्यक्ष

गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

- सामुदायिक सिकाई केन्द्रः १ वटा (पुथाङ जोमसोम सामुदायिक सिकाई केन्द्र, पुथाङ)

**शाखाका कार्यप्रगतिहरुः**

- ससर्त तर्फ शिक्षा बजेट विनियोजन रु. ७,६१००००० र प्रगति रु. ३९४९९३६६ (५१.९०%)
- गा.पा. तर्फ शिक्षा बजेट विनियोजन रु. ७४,१०,००० र प्रगति रु. १७,०८,६५६ (२३.०५%)
- शैक्षिक सत्र पुरानो पद्धती अनुरुप संचालन गर्नको लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पहल गरिएको।
- विद्यालयका IEMIS FOCAL शिक्षकहरुलाई IEMIS अद्यावधिक सम्बन्धी १ दिने क्षमता विकास कार्यक्रम संचालन गरी विद्यालयका सम्पूर्ण तथ्याङकहरु IEMIS System मा व्यवस्थित रुपमा अभिलेख तथा अद्यावधिक गरिएको।
- शैक्षिक सुशासन गुणस्तर र उपलब्धि सुधारका लागि प्रभावकारिता अभिवृद्धि गर्न विद्यालय अनुगमन मार्फत विद्यालयहरुलाई आवश्यक सुझाव प्रदान गरिएको।
- प्र.अ. बैठक आयोजना गरि शैक्षिक उपलब्धीको समिक्षा तथा महत्वपूर्ण विषयमा निर्णय गरिएको ।
- शैक्षिक सत्र २०८२ को विद्यालय स्तरीय अन्तिम परीक्षा पौष ०६ गतेदेखि शुरु गरी १४ गते सम्पन्न गरिएको ।
- आधारभूत तह उर्तिर्ण परीक्षा (कक्षा ८) समितिबाट IEMIS मा तथ्याङ्क आवद्ध गरी पालिकाबाट व्यवस्थित रुपमा परीक्षा संचालन एंव व्यवस्थापन गरी IEMIS बाट नतिजा प्रकाशन तथा अभिलेखिकरण गरीएको। कुल जम्मा ७१ विद्यार्थी परीक्षामा सहभागि भएका मध्ये ६७ जना उर्तीर्ण र ०४ जना अनुर्तीण भएका।
- शिक्षा विकास तथा समन्वय इकाइ, मुस्ताङको आयोजना र शिक्षा युवा तथा खेलकुद शाखाको समन्वयमा आधारभूत तह उर्तीण परीक्षाको लागि नमूना प्रश्नपत्र निर्माण सम्बन्धी ITEM ANALYSIS कार्यक्रम संचालन गरिएको।
- शिक्षकहरुको मासिक रुपमा तलब भत्ता निकासा

**सभाध्यक्षज्यू, स्वास्थ्य शाखा तर्फको हाल सम्मको प्रगति विवरण पेश गर्न चाहान्छु,**

स्वास्थ्य संस्था अन्तर्गत यस आ.व.मा हाल सम्म स्वास्थ्य संस्थाहरुबाट ५८२६ जना विरामी तथा [illegible]को स्वास्थ्य व्यवस्था गरिएको छ । ३३१० जनालाई OPD सेवा प्रदान गरेका छन् । २४

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

घन्टे सेवा विस्तार कार्यक्रम अन्तर्गत मार्फा स्वास्थ्य चौकीबाट २११ जनालाई सेवा उपलब्ध गराएको छ भने २१३ जनालाई प्रयोगशाला सेवा प्रदान गरेको छ । गाउँघर क्लिनिबाट ६८२ जनालाई सेवा प्रदान गरिएको छ भने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाबाट १८४२ जनालाई प्राथमिक उपचार तथा परामर्श सेवा प्रादन गरेको छ । मासिक खोप कार्यक्रमबाट २५३ जना बालबालिकलाई सेवा प्रदान गरेको छ ।

यस आ.व.मा पूर्ण खोप सेवा प्राप्त गर्ने बालबालिकाको संख्या ३८ जना रहेका छन, ३९ जना महिलालाई पहलो पटक गर्भ जाच सेवा र २१ जनाले प्रोटकल अनुसार चार पटक गर्भ जाच सेवा प्रदान गरेको छ । गाउँपालिकाको मार्फा स्वास्थ्य चौकीबाट ६ जना, जोमसोम स्वास्थ्य चौकीबाट १ जना र प्रदेश अस्पतालले १७ जना गरी जम्मा २४ जनाले संस्थागत सुत्केरी सेवा प्रदान गरेको छ । नर्सिङ कर्मचारी घरमै गई ३ पटक सम्म प्रोटकल अनुसार १३ जना सुत्केरी महिलालाई सेवा प्रदान गरेको छ ।

पोषण कार्यक्रम अन्तर्गत ० देखि २३ महिनाको ३२ जना बालबालीकाको पहिलो पटक बृध्दी अनुगमन गरेको छन् भने ५०२ जना बालबालिकालाई पुनः बृध्दि अनुगमन गरेका छन् । १४ जना गर्भवती महिलाहरुलाई १८० आईरन तथा क्याल्सियम चक्की वितरण गरेका छन् । २० जना नवशिशुलाई भिटामिन के १ लगाएका छन् ।

परिवार नियोजन साधनको नयाँ प्रयोगकर्तामा १२ जना पिल्स चक्की, २१ जना डिपो प्रोभेरा सुई, ३२ जना ईम्प्लान्ड र २ जना आ.यु.सि.डी. सेवा लिने सख्या रहेको छन जस्मा हाल सम्म निरन्तर परिवार नियोजनका साधन प्रयोग गर्ने सेवाग्राही महिला २८३ जना रहेका छन् । ४ जना क्षयरोगका बिरामीले उपचार सेवा लिई रहेको छन् ।

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाबाट २३७ जना भिटामिन ए तथा २१३ जना बालबालीकालाई जुकाकाको औषधी खुवाएका छन् भने स्वास्थ्य संस्थाबाट ९४७ जना बिद्यार्थीलाई जुकाको औषधी खुवाएका छन् ।

मार्फा स्वास्थ्य चौकीबाट ४८ जनालाई ग्रामिण अल्ट्रासाउण्ड सेवा प्रदान गरेकोछ। मार्फा स्वास्थ्य चौकीमा वैकल्पिक उर्जाको रुपमा सोलार जडान कार्य सम्पन्न गरीएको छ ।

स्वास्थ्य कार्यक्रमको यस चालु आ.व.मा सशर्त अनुदान तर्फ **१ करोड ५५ लाख,** र गा.पा. तर्फ **४२ लाख ४४ हजार** गरी कुल जम्मा **१ करोड ९७ लाख ४४ हजार** विनियोजन भएकोमा सशर्त

मोहन सिंह लालचन
अध्यक्ष

अनुदान तर्फ ९० लाख १३ हजार र गा.पा. तर्फ कुल १२ लाख ८ हजार गरी जम्मा ९१ लाख ४१ हजार रकम खर्च भएको छन् भने यस्मा जम्मा खर्च प्रगति ४२.२९% रहेको छ ।

**सभाध्यक्षज्यू, महिला, बालबालिका तथा समाजकल्याण शाखा तर्फको हाल सम्मको प्रगति विवरण पेश गर्न चाहान्छु,**

बेइजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्न, दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्न घरपझोङ गाउँपालिकाले आर्थिक बर्ष २०८२।०८३ मा तपसिल बमोजिमका कार्यक्रमहरु सन्चालन भएका छन् ।

- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान तथा अभिमूखिकरण सन्चालन
- स्थानीय बाल सञ्जाल कार्यक्रम सन्चालन खर्च कार्यक्रम अन्तर्गत बालबालिकाहरुको क्षमता तथा नेतृत्व सीप विकास गर्नको लागि १ पटक गाउँपालिका स्तरीय बाल सञ्जालको बैठक सन्चालन, राष्ट्रिय बाल दिवसको अवसरमा कक्षा ६-८ बिच चित्रकला प्रतियोगिता, बाल अधिकार दिवसको अवसरमा कक्षा १-५ बिच हाजिरीजवाफ प्रतियोगिता कार्यक्रम सन्चालन गरिएको ।
- २०८१ सालको एस.ई.इं.परीक्षामा साधारण र प्राविधिक धारतर्फ उत्कृट छात्र/छात्रा १/१ जनालाई जनही रु. १० हजारका दरले जम्मा ४ जना लाई पुरस्कृत गरिएको ।
- बाल श्रमिकहरुको तथ्याङ्क संकलन तथा अनुगमन र बालश्रम मुक्त स्टिकर टाँस कार्यक्रम अन्तर्गत वडा नं. ५,४ र ३ मा होटल १७ र उद्योग ८ गरी जम्मा २५ स्थानमा अनुगमन र बाल श्रम मुक्त लेखिएको स्टिकर टाँस कार्यक्रम गरिएको र यस पालिकामा हालसम्म कहि कतै पनि बाल श्रम नरहेको पाईएको।
- धौलागिरी बोर्डिङ स्कूल, जोमसोम र जनकल्याण आ.वि., स्याङलाई स्यानेटरी प्याडको फोहोरमैला व्यवस्थापनको लागि १/१ थान इलेक्ट्रिक स्यानेटरी प्याड डिस्पोजल मेशीन वितरण गरिएको ।
- बाल कोषमा रकम जम्मा गरिएको हाल सम्म रु ९०,००० रहेको ।
- बालमैत्री स्थानीय तह घोषणा सम्बन्धी र बाल श्रम सम्बन्धि घरधुरी सर्वेक्षण १,३,४ र ५ नं. वडामा सम्पन्न ।(तथ्याङ्क बिश्लेषणको काम भै रहेको)
- अपाङ्गता परिचय पत्र वितरण समितिको बैठक तथा परिचय पत्र वितरण १ पटक
- बालमैत्री स्थानीय शासन गाउँ समितिको बैठक १ पटक भएको छ भने ५ वटै वडामा बालमैत्री स्थानीय वडा समिति गठन भएको ।

मोहन सिंह लालचन
अध्यक्ष

- अपाङ्गता भएका विद्यार्थीहरुलाई स्टेशनरी सामाग्री वितरण जनवाल मा.वि.मा ६ जना र जनकल्याण आ.वि.स्याङमा ५ जना गरि जम्मा ११ जनालाई स्टेशनरी वितरण गरिएको ।

**सभाध्यक्षज्यू, सुरक्षित आप्रावासन (सामी) कार्यक्रम हाल सम्मको प्रगति विवरण पेश गर्न चाहान्छु,**

- सुरक्षित आप्रावासन (सामी) कार्यक्रम तर्फ कुल १३ लाख ९० हजार बजेट विनियोजन भएकोमा ४ लाख ८३ हजार ८ सय ३२ रुपैया खर्च भई वित्तीय प्रगति ३४.८ प्रतिशत रहेको छ । यसै कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शको केश १ महिला र ३ पुरुष गरी जम्मा ४ वटा रहेको छ ।
- सूचना तथा परामर्श सेवा अन्तर्गत वैदेशिक रोजगारमा जान चाहाने सम्भावित कामदार ३६ जना महिला र ४५ जना पुरुष, भिजिट भिसा तथा अध्ययनमा जाने ९३ जना महिला र ११६ जना पूरुष, फोन फलोअप ५३ जना महिला र ५१ जना पूरुष गरी जम्मा महिला १८२ र पूरुष २१२ गरी कुल जम्मा ३९४ जनाले सूचनामा पहुँच सहितको सेवा प्राप्त गरेका छन् ।त्यसै गरी वैदेशिक रोजगारी सम्बन्धी ठगीमा परेको व्यक्ति १ महिला र ७ पुरुष गरी जम्मा ८ जनालाई केश सहजिकरण गरिएको छ। स्थानीय तहमा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूसँग वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण कार्यक्रम, स्थानीय तह कार्यक्रम कार्यान्वयन समितिको बैठक, अन्तर्राष्ट्रिय आप्रवासी दिवसको उपलक्ष्यमा सचेतनामूलक तथा अन्तरक्रिया कार्यक्रम, जिल्ला प्रशासन कार्यालय, आप्रवासी स्रोत केन्द्र रहेको स्थानीय तह, रोजगार सेवा केन्द्र र नेपाल प्रहरीबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको छ ।

धन्यवाद

प्रदीप थकाली, संयोजक, सामाजिक विकास समिति

**कार्यसूची ७ बमोजिमको निर्णय :-**

सभाका सभाध्यक्षज्यूको अनुमतिले वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री याम प्रसाद थकालीले वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

देहाय :

**वातावरण तथा विपद् व्यवस्थापन समितिको चालु आ.व. २०८२/८३ को प्रगति प्रतिवेदन:-**

**सभाध्यक्षज्यू,**

वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजकको हैसियतले म यस गरिमामय सभामा चालु आर्थिक वर्षमा गाउँ कार्यपालिकाको कार्यालय मार्फत वातावरण र विपद् क्षेत्रमा भए गरेका कार्यक्रमहरुको प्रगति, यस क्षेत्रमा देखिएका समस्या तथा केहि सुझावहरु समेटि संक्षिप्त प्रतिवेदन यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु ।

चालु आ.व.मा वडाहरुबाट संचालन हुने कुनै योजना नरहेको गा.पा. बाट संचालन हुने ग्याविन बस,तारजाली खरिद कार्यमा रु. पाँच लाख विनियोजन भएता पनि हाल सम्म खरिद नभएको,फोहरमैला व्यवस्थापन कार्यक्रममा चालु तर्फ तीन लाख र पूजिगत तर्फ पाँच लाख विनियोजन भए अनुसार कार्यपालिका निर्णय अनुसार डस्विन ठुलो १०० थान र डस्विन सानो २०० थान खरिद गरि कर तिरेको होटेल व्यवसायीहरु जोमसोम स्थित कार्यालय, यातयात प्रा.लि. विद्यालयहरुमा वितरण गर्ने कार्य सुरु भएकोछ । फोहरमैला व्यवस्थापनको लागि खाली बोरा प्लास्टिक वोराहरु खरिद गर्ने कार्य भैरहेकोछ। प्लाष्टिक, सिसा तथा फलामजन्य सामाग्रीहरु कुटाई प्याकेजिङ गरी एक्यापको सहयोगमा पोखरा पठाउने कार्य भएकोछ । गाउँपालिकाको मुख्य मुख्य पर्यटकीय स्थानहरुमा तथा मानिसहरुको जमघट बढी हुने स्थानहरुमा बोतल कलेटर सूचना मुलक होडिङको व्यवस्थापन गरिएकोछ।

विपद् व्यवस्थापन र निकट भविष्यमा हुन सक्ने विपदका लागि तार जाली खरिद गरि राखिएकोछ। ७५३ वटै स्थानीय तहका प्रमुखहरुको वातवरण तथा जलवायु परिवर्तन सम्मेलन मिति २०८१/५/३१ गते गर्ने तय भएकोमा देशमा जेन्जी आन्दोलनको कारणबाट स्थगित भएको र निकट भविष्यमा संचालन गर्ने व्यहोरा जानकारी गराउदछु।

नवप्रर्वधन साझेदारी कार्यक्रम अन्तरगत यस चालु आ.वमा रु.एक करोड वीस लाख विनिजन भएको जानकारी गराउदछु। जसमा नवप्रर्वधन साझेदारीबाट रु.चौरासी लाख र गाउँपालिकाको साझेदारी रु.छतीस लाख स्वीकृत भई व्यवस्थित फोहरमैला संकलन केन्द्र हुनेछ । हाल सम्मको प्रगति केन्द्र भवनको टेण्डर आह्वान भई आशय पत्र लेख्ने कार्य भएकोछ ।

**सभाध्यक्षज्यू,**

प्लाष्टिकजन्य फोहरहरु व्यवस्थापन गर्नका लागि आमा/महिला समूह, टोल विकास समिति, विद्यालयहरुलाई बोरा वितरण गरिएको छ ।विभिन्न ठाउँहरुमा जथाभावी फोहर फाल्न नदिनका लागि होर्डिङ बोर्डहरु राखिएको छ। यस पालिकालाई पर्यटकीय गन्तव्य बनाउन, सफा, स्वच्छ वातावरण निर्माण लागि विभिन्न ठाउँहरुमा उपयोगी लेख सहित जानकारीहरु राखिएका छन् ।

**सभाध्यक्षज्यू,**

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ

यस पालिकामा विपद व्यवस्थापन कोष यस आर्थिक वर्ष चालु २०७८ कोषबाट अर्तीस लाख ८८ रुपैयाँ जम्मा गरिने छ । हाल सम्ममा यस कोषमा ४१ लाख ९७ हजार ८ सय ९ रुपैयाँ रहेको जानकारी गराउँदछु । यस कोषबाट गाउँपालिका क्षेत्रभित्र विपद् पीडितहरुलाई सहयोग र विपद प्रतिकार्यमा खर्च गरिएकोछ । आगामी आ.व. को लागि बजेट रु.३८ लाख थप गरि अझ व्यवस्था गरी बिपद् कोषलाई मजबुद बनाउँदै जाने योजना रहेकोछ ।

**सभाध्यक्षज्यू,**

विषयगत समितिहरुलाई पुर्ण अधिकार प्रदान गरी योजना कार्यन्वयन देखि समिक्षा पश्चात गाउँपालिकाको अनुगमन समितिबाट अनुगमन गरी भुक्तानी दिने व्यवस्थाको कार्यन्वयन गर्नहुन अनुरोध गर्दछु ।

**सभाध्यक्षज्यू,**

**समस्या**

- फोहोर संकलन गर्ने बोतल कलेक्टरमा जथाभावी सबै प्रकारको फोहर राखेको देखिएको छ ।
- यस पालिकामा आगलागीका घटनाहरु हुदाँ गाउँबस्ती भित्र अग्नी नियन्त्रण यन्त्रहरुको व्यवस्थापनमा कठिनाई भएको छ ।
- फोहर मैला व्यवस्थापनमा कठिन ।

**सभाध्यक्षज्यू,**

**सुझाव**

- फोहोर संकलन गर्ने बोतल कलेक्टरमा जथाभावी सबै प्रकारको फोहर राखिएकोमा ठाउँ ठाउँमा सिसिटिभी क्यामेरा राखी यस्ता फोहर फाल्ने व्यक्तिहरुलाई कानुनी दायरामा ल्याउनुपर्ने ।
- पुरानो बस्तीहरुमा नयाँ भवन बनाउदा कम्तिमा पनि अग्नी नियन्त्रक यन्त्र आवतजावत गर्न सकिने र बैकल्पिक अग्नी नियन्त्रणहरुको कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- फोहरमैला व्यवस्थापन थप जनचेतना अभिवृद्धि,फोहरको प्रकृति अनुसार छुट्याई व्यवस्थापन गर्ने,थप सूचना र सन्देशमुलक सामाग्रीहरुको व्यवस्थापन गर्नुपर्ने र प्लाष्टिक जन्य फोहोरलाई प्याकेटिङ गर्ने व्यवस्था गर्न जरुरी देखिन्छ कार्य योजना सहित फोहर संकलन तथा व्यवस्थापनमा छुटै कर्मचारी तथा उपकरणको व्यवस्थापन गर्न आवश्यक देखिएकोछ ।

धन्यबाद !

(याम प्रसाद थकाली)
**संयोजक**
वातावरण तथा विपद् व्यवस्थापन समिति

मोहन सिंह लालचन
अध्यक्ष

घरपखोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

**कार्यसूची ८ बमोजिमको निर्णय :-**

सभाका सभाध्यक्षज्यूको अनुमतिले न्यायिक समितिका संयोजक एवंम् उपाध्यक्ष श्री जमुना थापा मगरले न्यायिक समितिको चालु आ.ब.को हाल सम्मको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

**देहाय :**

न्यायिक समितिको प्रतिवेदन, २०८२

सभाध्यक्षज्यू

गत आ.ब. मा दर्ता भई यस चालु आ.ब. मा सरि अएको जग्गा भोग अधिकार सम्बन्धी विवादको बारेमा न्यायिक समितमा पटक पटक छलफल हुँदा विवाद समाधान हुन नसकेको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहन्छु ।

चालु आ.ब. मा हाल सम्म कुनै किसिमको विवादहरु दर्ता हुन नआएको व्यहोरा समेत सभा समक्ष जानकारी गराउन चाहन्छु ।

गाउँपालिकाको न्यायिक समितिलाई व्यवस्थित गर्दै जाने सम्दर्भमा गाउँपालिकामा न्यायिक समिति मेलमिलाप इजलास निर्माण गरिएको छ । चालु आ.ब.मा मेलमिलाप केन्द्र शिर्षक अन्तर्गत विनियोजित रु.१०००००।०० (एक लाख) बजेटबाट आवश्यकता अनुसार मेलमिलाप केन्द्र र न्यायिक समिति मेलमिलाप इजलासलाइ व्यवस्थापन गरिनेछ ।

अन्य स्थानीय तहहरु भन्दा यस गाउँपालिकाको न्यायिक समितिमा कम मात्र विवादहरु अउने गरेको भएता पनि न्यायिक मेलमिलाप व्यावस्थापन लगायत अभिलेखहरु व्यवस्थापन गर्नका लागि न्याय सेवाका कर्मचारीको आवश्यकता महशुस गरिएको हुँदा गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र यस गाउँपालिकाको ५०/५० प्रतिशत सेवा सुविधा साझेदारीमा न्यायिक सहजकर्ताको लागि अनुरोध गरिएको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहन्छु ।

सभाध्यक्षज्यू

गाउँ कार्यपालिकाको कार्यालयमा न्यायिक समितिको मेलमिलाप इजलास गत आ.ब.मा तयार भएको छ र इजलासलाई व्यवस्थित रुपमा सञ्चलन गरिने व्यहोरा सभा समक्ष अनुरोध गर्न चाहन्छु ॥

धन्यवाद

[illegible] सिंह लालचन
अध्यक्ष

जमुना थापा मगर
संयोजक, न्यायिक समिति
मिति: २०८२।१२।२६ गते

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

**कार्यसूची ९ बमोजिमको निर्णय :-**

सभाका सभाध्यक्षज्यूको अनुमतिले अनुगमन तथा सुपरिवेक्षण समितिका संयोजक एवंम् उपाध्यक्ष श्री जमुना थापा मगरले चालु आ.ब. २०८२।८३ को हाल सम्मको अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

देहाय :

**अनुगमन तथा सुपरिवेक्षण समितिको हाल सम्मको प्रगति प्रतिवेदन, २०८२**

सभाध्यक्षज्यू,

अनुगमन तथा सुपरीवेक्षण समितिको संयोजकको हैसियतले यस सम्मानित सभा समक्ष चालु आ.ब. २०८२।८३ को हाल सम्मको अनुगमन तथा सुपरिवेक्षणको प्रगति प्रतिवेदन सभा समक्ष पेश गर्न चाहन्छु ।

चालु आ.व. २०८२।८३ मा गाउँपालिका , वडाहरु, विषयगत समितहरु गरी कुल जम्मा ८३ वटा योजना तथा कार्यक्रमहरु स्वीकृत भई सञ्चालनमा रहेको देखिन्छ । त्सैगरी गाउँसभाबाट स्वीकृत विभिन्न शिर्षक, गाउँपालिकालाई प्राप्त हुने विभिन्न शिर्षक अन्तर्गतका बजेटबाट अतिआवश्यक र तुरुन्तै गर्नु पर्ने कार्यक्रमहरुलाई गाउँकार्यपालिकाको बैठकबाट कार्यक्रम स्वीकृत गरी कार्यान्वयन हुने गर्दछ । हाल सम्म मंसिर महिना सम्म सम्पन्न गरी सक्नु पर्ने स-साना पूर्वाधारका २० वटा योजनाहरु सम्पन्न भई स्थलगत रुपमा अनुगमन तथा सुपरिवेक्षण भई भुक्तानी भई सकेको यस गरिमामय गाउँसभालाई जानकारी गराउन चाहन्छु ।

चालु आ.ब.मा कुल जम्मा स्वीकृत पूर्वाधार निर्माण तर्फका योजनाहरु मध्ये गाउँकार्पालिकाको निर्णय अनुसार रु.५ लाख भन्दा कम पूर्वाधार योजनाहरु तोकिएको समय मंसिर महिना सम्म सम्पन्न गरी भुक्तानी भई सकेको र समग्र प्रगति सन्तोषजनक रहेको व्यहोरा सभासमक्ष अनुरोध गर्दछु। ५ लाख भन्दा ठुला योजनाहरुको उपभोक्ता समिति सँग सम्झौता भई सकेको र निर्माण व्यवसायीबाट कार्यान्वयन गर्नु पर्ने योजनाहरुको टेण्डर प्रक्रिया भई कार्यान्वयनमा गैसकेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

घरपझोङ उज्यालो कार्यक्रम अन्तर्गत सडक बत्ती जडान योजना उच्चस्तरको प्राविधिक ज्ञानसीपको आवश्यकता परेको हुँदा योजना कार्यान्वयनमा केही ढिलाई भएता पनि काम अघी बढेको सभासमक्ष अनुरोध चाहन्छु ।

चालु आ.व. को हाल सम्मको सम्पन्न भएका योजनाहरुको अनुगमन तथा सुपरिवेक्षण समितिबाट स्थलगत अनुगमन गर्दा योजनाहरुको गुणस्तर तथा कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाईएको छ ।

तर गाउँपालिकाको स्वीकृत ठुला योजनाहरु साथै संघीय र प्रदेश स्तरका ठुला योजनाहरुको हाल सम्मको प्रगति अवस्था अति न्युन देखिएको र समग्र वित्तिय प्रगति समेत अति न्युन रहेको हुँदा

मोहन सिंह लालचन
अध्यक्ष

त्यस्ता योजना तथा कार्यक्रमहरुको गुणस्तर कायम गर्न र समय भित्र सम्पन्न गर्नका लागि कार्यालयबाट कार्ययोजना तयार गरी योजना कार्यान्वयन गर्नका लागि सम्बन्धित सबै पक्षलाई पूर्ण रुपमा परिचालन गर्नु पर्ने देखिन्छ ।साथै योजना तथा कार्यक्रमहरु असार महिना सम्पन्न गर्ने र हतारमा अनुगमन गरी भुक्तानी गर्ने परीपाटीलाई निरुत्साहित गर्न अनुगमन तथा सुपरीवेक्षण समितिको संयोजकको हैसियतले गरिमामय गाउँसभाका सम्मानित सभाध्यक्ष मार्फत कार्यालयलाई निर्देशन समेत दिन चाहन्छु ।

सभाध्यक्षज्यू

योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा देखिएका केही समस्याहरु यस प्रकार रहेका छन:

१. उपभोक्ता समितिबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुमा आवश्यक पर्ने दक्ष कामदारहरु समयमा स्थानीय स्तरमा उपलब्ध नहुनु ।
२. स्थानीय मौमस अनुकुलताका कारण निर्माण कार्यमा समस्या उत्पन्न् हुनु ।
३. टुक्रे तथा स-साना योजना तथा कार्यक्रमहरु धेरै हुँदा दिगो र प्रतिफलमुखी विकासका लक्ष्य प्राप्त गर्न कठिनाई हुने गरेको।

उल्लिखित समस्याहरु समाधान गर्न सकिने केही सुझावहरु यस प्रकार अनुरोध गर्न चाहन्छु ।

१. स्थानीय स्तरमा दक्ष जनशक्ति उत्पादन हुने कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने ।
२. योजना कार्यान्वयन कार्य योजनालाई पूर्ण रुपमा पालना गर्न लगाउने ।
३. टुक्रे तथा साना योजनाहरु छनौट गर्ने कार्यलाई निरुत्साहन गर्नुपर्ने।
४. वडा स्तरका अनुगमन तथा सुपरिवेक्षण समितिको भुमिकालाई अझै सशक्त र प्रभावकारी बनाई नियमित रुपमा अनुगमन गर्ने कार्यलाई व्यवस्थित गर्ने।

धन्यवाद

जमुना थापा मगर
संयोजक, अनुगमन तथा सुपरिवेक्षण समिति
मितिः २०८२।१२।२६ गते

**कार्यसूची १० बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूको अनुमतिले विधायन समितिका संयोजक श्री जैकला वि.क.ले देहाय अनुसार घरपझोङ गाउँपालिकाको सार्वजनिक नीजि साझेदारी विधेयक, २०८२ छलफलको लागि गाउँसभा समक्ष पेश गर्नु भयो ।

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

देहाय:

सभाध्यक्षज्यू, सभाध्यक्षज्यूको अनुमतिमा विधायन समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँसभामा छलफलको लागि प्रस्ताव पेश गर्दछु ।

**१. प्रस्तावको नाम : घरपझोङ गाउँपालिकाको सार्वजनिक निजी साझेदारी विधेयक २०८२**

**२. प्रस्ताव पेश गर्नु पर्ने कारण**

घरपझोङ गाउँपालिकाको सार्वजनिक निजी साझेदारीको माध्यमबाट पुर्वाधार संरचनाको निर्माण तथा संचालन गरी सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले

**३. प्रस्तावबाट गर्न खोजिएको व्यवस्था**

- सार्वजनिक निजी लगानीमा परियोजना कार्यान्वयन गर्न
- जटिल प्रकृतिका सार्वजनिक निजी साझेदारको सम्झौताहरु कार्यान्वयन गर्न सक्ने मानव संशासधनको उपलब्धता हुने,
- अनुमति पत्र सम्बन्धी व्यवस्था

**४. प्रस्तावबाट प्राप्त हुने उपलब्धि**

- गाउँपालिकामा उपलब्ध भएको जनशक्ति बाहेकका अन्य जनशक्तिबाट साना तथा ठूला परियोजना तथा कार्यक्रम सम्पन्न हुने,
- जटिल प्रकृतिका, ठुलो लागत आवश्यक पर्ने परियोजनाको लागि आवश्यक लागत जुटाउन सहज हुने,
- सार्वजनिक निजी साझेदारीबाट सम्पन्न भएको परियोजनाले दायित्व बोध हुने ,
- सार्वजनिक र निजी क्षेत्रमा दुवै पक्षको विन विन अवस्था सिर्जना हुने ।

धन्यवाद्

जैकला विश्वकर्मा, संयोजक, विधायन समिति

सभामा पेश भएको प्रस्तावलाई सभाध्यक्षज्यूले छलफलको लागि समय उपलब्ध गराउदा सभा सदस्य श्री वीर प्रसाद थकालीले प्रस्तावको समर्थनमा आफ्नो धारणा राख्नु भयो ।

अन्य सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले सभाध्यक्षज्यूले पेश भएको घरपझोङ गाउँपालिकाको सार्वजनिक नीजि साझेदारी विधेयक, २०८२ को प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

**कार्यसूची ११ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूको अनुमतिले उपाध्यक्ष श्री जमुना थापा मगरले आ.ब. २०८२।८३ को विनियोजन ऐन, २०८२ मा केही संशोधन सम्बन्धी तपसिल बमोजिमको प्रस्ताव छलफलको लागि गाउँसभा समक्ष पेश गर्नु भयो ।

**तपसिल :**

**सभाध्यक्षज्यू,**

घरपझोङ गाउँपालिका, गाउँसभाको २०८२ असार महिनामा सम्पन्न भएको १६औं अधिवेशनबाट आ.ब.२०८२।८३ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रमहरुमा केही संशोधन गर्नु परेको र विभिन्न समस्याका कारण सञ्चालन हुन नसकेका योजना तथा कार्यक्रमहरुको बजेट रकमान्तर तथा योजनान्तर गर्नु पर्ने भएको साथै अत्यावश्यक देखि तुरन्तै कार्यान्वयन गर्नु पर्ने योजना तथा कार्यक्रमहरुको समेत माग भएको हुँदा बजेटको परिधि भित्र रही विनियोजन ऐन, २०८२ संशोधन गर्न वाञ्छनीय भएकोले गाउँसभा समक्ष घरपझोङ गाउँपालिकाको विनियोजन ऐन, २०८२ को पहिलो संशोधनको लागि प्रस्ताव पेश गर्दछु।

सभाध्यक्ष ज्यू, यस गरिमामय सभामा ३ करोड ५० लाख ३८ हजार ९१४ रुपैयाँ थप गरी चालु आ.ब.को विभिन्न योजना तथा कार्यक्रमहरुबाट बचत भएको रकम समेत गरी योजना तथा कार्यक्रम थप गरी कुल बजेट रकम ३६ करोड ८० लाख ९७ हजार ०९५ रुपैयाँको को संशोधीत अनुमान सभा समक्ष पेश गर्दछु।

संशोधन हुने र थप हुने योजना तथा कार्यक्रमहरु सदस्यहरुलाई वितरण भईसकेको व्यहोरा सभाध्यक्ष ज्यू मार्फत सभालाई जानकारी गराउँछु।

**प्रस्तावबाट प्राप्त हुने उपलब्धीहरु:-**

- पूँजिगत खर्चमा वृद्धि भई विकास निर्माणका कार्य थप हुनेछन।
- विनियोजित बजेटमा सम्बोधन हुन नसकेका माग तथा योजनाहरु थप सम्बोधन हुनेछन्।
- हालसम्म कार्यान्वयनमा आउन समस्या भएका केहि योजनाहरु योजनान्तर हुँदा कार्यान्वयनमा सहजता आउनेछ।

सोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

**देहाय :**

चालु आर्थिक वर्ष २०८२/०८३को हिउँदे अधिवेशनबाट संशोधनका लागि पेश भएको विनियोजन ऐन, २०८२

| सि.नं. | शिर्षक | रकम रु. | सि.नं. | थप भएका योजना तथा कार्क्रम विवरण | रकम रु. |
|---|---|---|---|---|---|
| १ | चालु आ.ब. को अल्या/संचित रकम | ३५०३८९१४ | १ | छैरो खेल मैदान निर्माण, छैरो | १०००००० |
| | शिर्षक | बचत रकम रु | २ | चिमाङ पार्किङ स्थल निर्माण | १०००००० |
| १ | सामी कार्यक्रम खर्च (तलव भत्ता तथा व्यवस्थापन खर्च समेत) | ३५०००० | ३ | कृषकहरुका लागि कोल्डस्टोर निर्माणको लागि अनुदान, घरपझोङ-२, मुस्ताङ | २०००००० |
| २ | एम्वुलेन्स संचालन तथा व्यवस्थापन (मर्मत र इन्धन समेत) | ५००००० | ४ | स्याङ खोला नियन्त्रण तटबन्धन योजना, स्याङ | २०००००० |
| ३ | परामर्श तथा अन्य सेवा शुल्क | १०००००० | ५ | काठेपुल देखि पक्की सडक (जोमसोम-कोरला सडक) सम्म ढलान/पिच योजना, जोमसोम | २०००००० |
| ४ | राजश्व, लेखा, जिन्सी तथा पञ्जिकरण र सिफारिस प्रणाली सम्बन्धी तालिम | ४००००० | ६ | ढुम्बा स्कुल मुनि तथा लाप्राङमा ढल निर्माण, घरपझोङ-५ | ५००००० |
| ५ | ASTO (खनिज तेल) ५०% अनुदानमा खरिद तथा वितरण | ३००००० | ७ | ठिनी जेष्ठ नागरिक दिवा कोठा, ठिनी | १२००००० |
| ६ | अतिथि सत्कार | १०००००० | ८ | ठिनी ४ नं. टोल ढल निकास | ३००००० |
| ७ | प्रदेश अस्पतालमा डाक्टरको लागि प्रोत्साहन अनुदान | ७००००० | ९ | सडक बत्ती जडान गर्ने योजना, गाउँपालिका भित्र मुल सडकको बाँकि रहने स्थानहरुमा | ५०००००० |
| ८ | विभिन्न संघसंस्थाहरुलाई सहयोग | २००००० | १० | जोमसोम खानेपानी एप्पल टंकी निर्माण, जोमसोम | ६०००००० |
| ९ | बेली बृज निर्माण तर्फको बचत रकम | २५००००० | ११ | ठिनी छपनी ढुङ्गा बिछ्याउने, ठिनी | ४०००००० |
| १० | ग्याबिन बक्स/तार जाली खरिद | ५००००० | १२ | मार्फा कभर्डहल निर्माण सम्पन्न गर्ने, मार्फा | ८०००००० |

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | भगिनी सम्बन्ध कायम भएका स्थानीय तहहरुमा स्थानीय संस्कृति तथा पहिचान प्रवर्द्धन कार्यक्रम | ५००००० | १३ | विभिन्न स्थानमा प्रतिक्षालय डोमहाउस राख्ने | २५००००० |
| | | | १४ | काठेपुल देखि ठिनी जाने पुरानो बाटो सम्म छपनी बिच्याउने योजना, जोमसोम | ११३०००० |
| | | | १५ | ४ र ५ कक्षाको स्थानीय पाठ्यक्रमको पाण्डुलिपि लेखन तथा शुद्धाशुद्धि (प्रुफरिडिङ्ग) | २६०००० |
| | | | १६ | शिक्षा योजना तयार गर्ने | २००००० |
| | | | १७ | पोखरा महानगरपालिकाको अनुदानमा साझेदारी रकम | १०००००० |
| | | | १८ | गण्डकी प्रदेश, उद्योग तथा पर्यटन मन्त्रालयको घरदेश अनि परदेश कार्यक्रमको साझेदारी रकम | २००००० |
| | | | १९ | २ नं. वडा कार्यालयको विद्युत लाईन मर्मत | २६९५७ |
| | | | २० | गाउँपालिका भवनको विद्युत लाईन मर्मत | २११५० |
| | | | २१ | LED Board मर्मत | ९३९४० |
| | | | २२ | १ नं. वडा कार्यालयको शौचालय मर्मत र पानी चुहिने मर्मत गर्ने | १७५००० |
| | | | २३ | ३ नं. वडा कार्यालयको शौचालय मर्मत | १००००० |
| | | | २४ | ५ नं. वडा कार्यालयको शौचालय मर्मत | १००००० |
| | | | २५ | मार्फा स्वास्थ्य चौकीको ढल अन्य मर्मत कार्य | १४०००० |
| | | | २६ | जोमसोम स्वास्थ्य चोकीको बाटो र अन्य मर्मत कार्य | १५०००० |
| | | | २७ | व्यवहारिक उत्प्रेणा कार्यक्रम सञ्चालन | ४००००० |
| | | | २८ | घरपझोङ परिचय तथा पर्यटन प्रवर्द्धन विषयक | ५००००० |

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कविता गोष्ठी सञ्चालन | |
| | | | २९ | चिमाङ गोरेटो बाटो मर्मत | १६५००० |
| | | | ३० | बाटोमा आर.सी.सी. गर्ने, घरपझोङ-३, स्याङ | ३६५३९९ |
| | | | ३१ | शौचालय निर्माण, घरपझोङ-३, स्याङ | २३९२३१ |
| | | | ३२ | भलपानी तथा ढल निकास, घरपझोङ-३, पुथाङ एक्लोभट्टी | १५६६३८ |
| | | | ३३ | जोमसोम बाल उद्यान सौन्दर्यकरण, जोमसोम | ४००००० |
| | | | ३४ | छैरो आ.वि.मा वेड/फर्निचर व्यवस्थापन | ५००००० |
| | | | ३५ | जनमुक्ति युवा क्लबको भवन तथा शोचालय मर्मत | ४००००० |
| | | | ३६ | साविक जोमसोम ८ मा ढल निकास | २५०००० |
| | | | ३७ | छैरो सामुदायिक भवनमा सेफ्टीक टेङ्क निर्माण | २५०००० |
| | | | ३८ | सशस्त्र प्रहरी बल, नेपाल नं. ३३ गुल्म हे.क्वा. मुस्ताङको पूर्वाधार मर्मत | २००००० |
| | | | ३९ | कार्यालयको गार्डरुम मर्मत | ६५६०० |
| | **जम्मा** | ४२९८८९१४ | | **जम्मा** | ४२९८८९१४ |
| | **नाम संशोधनका लागि पेश भएका योजना तथा कार्यक्रमहरु** | | | | |
| सि.नं. | स्वीकृत योजना/कार्यक्रमको नाम | बजेट | सि.नं. | योजना/कार्यक्रमको संशोधित नाम | बजेट |
| १ | मार्फा सभागृह भवनको छानामा रंरोगन तथा पेटी मर्मत गर्ने कार्य | ५००००० | १ | मार्फा सभागृह भवनको छानामा रंरोगन र अन्य पूर्वाधार निर्माण तथा मर्मत कार्य | ५००००० |
| २ | जनकल्याण आ.वि. मा शोचालय निर्माण | ५००००० | २ | जनकल्याण आ.वि. मा शोचालय तथा अन्य पूर्वाधार निर्माण र मर्मत कार्य | ५००००० |
| ३ | चिमाङ चर्च मर्मत, घरपझोङ-१, चिमाङ | ५००००० | ३ | चिमाङ चर्च भवन निर्माण कार्य, घरपझोङ-१, चिमाङ | ५००००० |

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | गाउँपालिकाको गानको अडियो/भिडियो निर्माण | २५०००० | ४ | गाउँपालिकाको भिडियो (डकुमेन्ट्री) निर्माण र ~~मान लेखन~~ | २५०००० |
| ५ | बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रम | २०००००० | ५ | बालमैत्री स्थानीय शासन प्रबर्द्धनका लागि विद्यालयहरुमा सूचकमा आधारित बालमैत्री र अपाङ्गमैत्री पूर्वाधार निर्माण (धारा, शौचालय, खेलमैदान, बाल उद्यान) | २०००००० |
| ६ | बालमैत्री स्थानीय शासन प्रबर्द्धनका लागि विद्यालयहरुमा सूचकमा आधारित बालमैत्री र अपाङ्गमैत्री पूर्वाधार निर्माण (धारा, शौचालय, खेलमैदान, बाल उद्यान) | ५००००० | ६ | बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रम | ५००००० |
| ७ | खिल्हा मेला सञ्चालन | १००००० | ७ | तुइल्हा मेला सञ्चालन | १००००० |

विनियोजन ऐन, २०८२ मा केही संशोधन सम्बन्धी प्रस्तावलाई सभाध्यक्षज्यूले छलफलको लागि समय उपलब्ध गराउदा सभा सदस्य श्री आनन्द गुरुङले प्रस्तावको समर्थनमा आफ्नो धारणा राख्नु भयो ।

अन्य सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले सभाध्यक्षज्यूले वनियोजन ऐन, २०८२ मा केही संशोधन सम्बन्धी प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

**कार्यसूची १२ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूले कार्यसूची १२ बमोजिम सभामा शोक प्रस्ताव प्रस्तुत गर्नु भयो ।

शोक प्रस्ताव सम्बन्धी व्यहोरा यस प्रकार रहेको छ ।

वि.सं. २०११ मंसिर ११ गते बुबा गोपाल थकाली र आमा च्याङ साङमो थकालीवाट ठिनी गाउँमा जन्मनु भएका विरेन्द्र थकाली, संघीय गणतन्त्रिक नेपालको पहिलो स्थानीय निर्वाचन २०७४ देखि २०७९ सालसम्म घरपझोङ गाउँपालिकाको वडा नं. ५ को वडा अध्यक्ष भई संघीयता कार्यान्वयन र स्थानीय सरकार मार्फत पुर्याउनु भएको योगदानलाई घरपझोङबासीले सदा सम्झि रहनेछन् । विभिन्न काल खण्डमा विद्यालयमा प्रधानाध्यापक भई अध्यापन गराउनु भएका

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

विरेन्द्र थकाली एक कर्तव्यनिष्ठ, ईमान्दार, विकासप्रेमी तथा समाजसेवी व्यक्तित्व हुनु हुन्थ्यो। यही मिति २०८२ भदौ १४ गतेका दिन उहाँ हामीबाट भौतिक रुपमा यस संसारबाट विलिन हुनुभयो ।

घरपझोङ गाउँपालिका वडा नं. ५, ठिनी निवासी यस घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय, जोमसोम, मुस्ताङको स्वास्थ्य शाखामा कार्यरत शाखा प्रमुख श्री कर्ण बहादुर थकाली र अहेव श्री च्याङ बहादुर थकालीका पुजनिय पिता तुल प्रसाद थकालीको मिति २०८२ साल असोज १५ गतेका दिन भौतिक रुपमा यस संसारबाट विलिन हुनुभयो ।

वि. सं. २००२ साल  बैशाख १९ गते जन्मनु भएको घरपझोङ गाउँपालिका वडा नं. ४, जोमसोम निवासी यस घरपझोङ गाउँकार्यपालिका सदस्य श्री भिषण थकालीज्यूको पुजनीय पिता राम प्रसाद थकालीको मिति २०८२ साल फागुन ०९ गतेका दिन भौतिक रुपमा यस संसारबाट विलिन हुनुभयो ।

यस वर्षमा हामीले हाम्रो घरपझोङ गाउँपालिका भित्रका समाजसेवी अभिभावकहरु गुमाउदा गाउँपालिका परिवार अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । स्वर्गीय विरेन्द्र थकाली, तुल प्रसाद थकाली र राम प्रसाद थकालीप्रति कदर स्वरुप उहाँहरुप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै शोक प्रस्ताव पारितको लागि प्रस्ताव गर्दछु।

शोक प्रस्ताव निर्णायार्थ पेश हुँदा सबै सदस्यहरुले हात उठाएर प्रस्तावको समर्थन गर्नु भएकोले उक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भए लगतै स्वर्गीय विरेन्द्र थकाली, तुल प्रसाद थकाली र राम प्रसाद थकालीप्रति प्रति श्रद्धासुमन अर्पण गर्न १ मिनट मौन धारण भयो।

## कार्यसूची १३ बमोजिमको निर्णय :-

गाउँसभाका अध्यक्ष श्री मोहन सिंह लालचनज्यूले घरपझोङ गाउँपालिकाको गाउँसभाको १७औं अधिवेशन सफल पार्न छलफलमा भाग लिनु भएका सबै गाउँसभा सदस्यहरुको सक्रिय सहभागिताका लागि धन्यवाद व्यक्त गर्नु भयो । साथै गाउँसभाको सफल व्यवस्थापनको लागि गाउँपालिकाका उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरु, विभिन्न विषयगत समितिहरुका संयोजकहरु, सभाका सचिव एवंम् सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दै गाउँसभाको १७औं अधिवेशन समाप्त भएको घोषणा गर्नु भयो ।

मोहन सिंह लालचन
अध्यक्ष